# नेपाल कानून आयोग

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र

## सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आ.व. २०७७/०७७ (२०७७ श्रावण देखि २०७७ असोज मसान्तसम्म)**

**१. नेपाल कानून आयोगको गठन**

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३/९/३० देखि प्रारम्भ भएको हो । ऐनको दफा ४ अनुसार आयोगको गठन देहाय वमोजिम रहेको छः–

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एक जना महिला रहने गरी बढीमा तीन जना – सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य

(छ) सचिव – सदस्य-सचिव

**२. हाल कार्यरत आयोगका पदाधिकारीहरु**

(क) श्री माधव प्रसाद पौडेल, नेपाल कानून आयोग - अध्यक्ष

(ख) श्री भेषराज शर्मा, नेपाल कानून आयोग -उपाध्यक्ष

(ग) श्री उद्धव चन्द्र घिमिरे, नेपाल कानून आयोग - सदस्य

(घ) श्री शोभा बुढाथोकी, नेपाल कानून आयोग - सदस्य

(ङ) श्री नारायण नेपाल, नेपाल कानून आयोग - सदस्य

(च) श्री ऋषि राजभण्डारी, सचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय - सदस्य

(छ) श्री धनराज ज्ञवाली, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ज) श्री पदम प्रसाद पाण्डेय, नायव महान्यायाधिबक्ता, महान्यायाधिबक्ताको कार्यालय -सदस्य

(झ) श्री चिरन्जीबी खनाल, सचिव, नेपाल कानून आयोग -सदस्य –सचिव

## ३. आयोगको संगठनात्मक संरचना

आयोगवाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरि दुई महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ स्वीकृत दरबन्दी रहेको छ, जुन यस प्रकार छः-

- सचिव (विशिष्ट श्रेणी) न्याय सेवा –१,
- सह-सचिव (रा. प. प्रथम श्रेणी )न्याय सेवा, कानून समूह –२,
- उप-सचिव(रा. प. द्वितीय श्रेणी) न्याय सेवा, कानून समूह –२,
- शाखा अधिकृत (रा. प.तृतीय श्रेणी) न्याय सेवा, कानून समूह –५,
- लेखा अधिकृत (रा. प. तृतीय श्रेणी) प्रशासन सेवा,लेखा समूह–१,
- कम्प्युटर ईन्जिनियर (रा. प. तृतीय श्रेणी) बिविध सेवा –१
- नायव सुब्बा(रा. प. अनं. प्रथम श्रेणी) न्याय सेवा, कानून समूह –५,
- नायव सुब्बा(रा. प. अनं. प्रथम श्रेणी) प्रशासन सेवा, सामान्य प्रशासन समूह –३,
- कम्प्युटर अपरेटर, बिविध सेवा –१
- खरिदार (रा. प. अनं. द्वितीय श्रेणी) न्याय सेवा, कानून समूह –४,
- हलुका सवारी चालक, श्रेणी बिहिन, ईन्जि. सेवा–३
- कार्यालय सहयोगी,श्रेणी बिहिन, प्रशासन सेवा, सामान्य प्रशासन समूह –४
- स्वीपर, श्रेणी बिहिन, प्रशासन सेवा, सामान्य प्रशासन समूह– १

## ४.आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा व्यवस्था गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेकोछः–

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## ५.सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अबधि

नेपाली नागरिकले कानून बमोजिम सूचना माग गर्न आएमा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर बाहेक अन्य कुनै दस्तुर लाग्दैन ।

## ६.सम्पादन गरेको मुख्य कामको बिवरण

- चार वटा विधेयक तर्जुमाको लागि वार्षिक कार्यक्रम स्वीकृत भएकोमा आ.व. २०७७ असोज मसान्त सम्ममा देहाय वमोजिम २ वटा विधेयकको मस्यौदाको कार्य सम्पन्न गरी आवश्यक कार्यार्थ सम्वन्धित मन्त्रालयमा पठाएकोः
  - (क) फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक
  - (ख) तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।
- आयोगको वेवसाईटलाई समयानूकुल बनाउन नयाँ रुपमा परिमार्जन गरी उपयोगकर्ता मैत्री बनाईएको,
- आ.व. २०७७।०७८ को असोज मसान्त सम्ममा ६२ वटा ऐन, १९ वटा नियम, २६ वटा सन्धि, १ वटा गठन आदेश र ५ वटा अध्यादेश अद्यावधीक गरी नयाँ तथा संशोधित ऐन र नियमहरु अपलोड भएको ।

## ७. सूचना अधिकारी, प्रबक्ता र प्रमुखको नाम, पद र सम्पर्क नम्वर

- **सूचना अधिकारीः** उप सचिव, श्री जंगबहादुर डाँगी मोबाईल नं. ९८६३०३२७९१
- **प्रवक्ताः** सह सचिव, श्री आलोक चन्द्र श्रेष्ठ मोबाईल नं. ९८६३०३२७९८
- **प्रमुखः** सचिव, श्री चिरञ्जीवी खनाल मोबाईल नं. ९८५१०५८४६६

## ८. आर्थिक खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक बिबरणः

आ.ब. २०७७/०७८ को असोज मसान्तसम्म बिनियोजित रकम तथा खर्चको बिबरण

| बजेट उप शीर्षक | बजेट शीर्षक | बिनियोजन बार्षिक बजेट (रु हजारमा) | कूल खर्च (रु हजारमा) |
|---|---|---|---|
| ३११०११३ | चालु | ३४४०० | ८२३० |
| ३११०११४ | पूँजीगत | १००० | ८०० |

## ९. आयोगको वेबसाईट र सो को बिबरण

- आयोगको वेबसाईट www.lawcommission.gov.np रहेको छ । उक्त वेबसाईटमा मौजुदा कानून, पुराना कानून, मस्यौदा बिधेयक र गतिबिधिहरु राखिएका छन ।
- मोवाइल एप्स (Mobile APPs) निर्माण गरी विद्यमान कानूनहरु मोवाइलबाटै हेर्न र पढ्न सकिने व्यवस्था मिलाइएको छ।

## १०. आयोगको ठेगाना र सम्पर्क नं.

- नेपाल कानून आयोग,
  अन्तराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौं ।
- फोन नं.:०१-४४८११९७,१- ४४८१०४३, ०१- ४४८१०५९
- फ्याक्स नं.: ०१-४४८१७०४
- Email: info@lawcommission.gov.np
- Facebook: https://www.facebook.com/Nepal-Law-Commission
- Twitter: Nepal Law Commission@ nepal_law